नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३१९ दायर मितिः-२०८१/१२/२७**

**फैसला मितिः-२०८२/०६/२७**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **राजेश्वर दास तत्माको जाहेरीले नेपाल सरकार.........................१** | **जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.३० बस्ने राजेश्वर पासवानको छोरा बर्ष २७ को लालदेव पासवान समेत २ जना .............१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालाको छोरो सुजित कुमार दासलाई लछार पछार तथा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त .।
२. प्रतिवादीहरुले जाहेरवालाको छोरो सुजित कुमार दासलाई लछार पछार तथा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. उक्त घटना के कसरी घटेको को-कोले घटाएको सो सम्बन्धमा थाहा नभएको भन्ने व्यवहोराको प्रतिवादी लालदेव पासवानको बयान कागज।
४. जाहेरवालाको छोरो सुजित कुमार दासलाई लछार पछार तथा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अन्सार मियाँ समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा जाहेरवालाको छोरासँग वारदात मिति भन्दा एक दिन पहिला मिति २०८१।१२।१३ गते वादविवाद तथा झै-झगडा भएको थियो । मिति २०८१।१२।१४ जाहेरवालाको छोरा सुजित कुमार दास मोटर साईकलबाट लडी घाईते भएको कुरा गाउँ घरका साथिबाट थाहा पाए । जाहेरीमा उल्लेखित तरिकाले सार्वजनिक सडकमा लछारपछार, हातपात तथा कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको छैन जाहेरवालाको छोरा आफै लडी घाईते भई हामी बिच २०८१।१२।१३ गते भएको वादविवादको रिसिईवी साध्न म माथि झुटो आरोप लगाएका हुन भनि यस कार्यालयमा उपस्थित भई प्रतिवादी लालादेव पासवानले र मिति २०८१।१२।१४ म र मेरो साथि जाहेरवालाको छोरा सुजित दास लालपर्सामा लागेको शिवरात्री मेलामा घुम्न भनि बाईकबाट गएका थियौ । हामी करिव वेलुकी ७ बजे उक्त स्थानमा पुगेका थियौ । उक्त स्थानमा मेला घुमी हामीले थाहा नभएको होटलमा खाजामा मासु र रक्सी खादै थियौं सोही क्रममा हामीले खाजा खाई रहेको होटलको टेवलमा मेरो मोटरसाईकको साँचो रहेकोमा निजले एक छिन मलाई काम छ भनि मेरो मोटरसाईकलको चावी लिई गएकोमा निजलाई धेरै बेरसम्म कुर्दा फर्की नएकोमा निजलाई पटक पटक मोवाइलमा कल गरेकोमा निजको कल नउठेकोले र रातपनि परि सकेको हुँदा मेरो ससुराली गाउँ लालपर्सामै भएको हुँदा म खाजा खाने होटलबाट आफ्नो ससुराई सुत्न भनि गएको थिए । भोली पल्ट म घर गए पछि निजको मोटरसाईकलबाट लडी चोट पटक लागेको कुरा थाह पाए । जाहेरी बमोजिम म माथि लगाईएको आरोपमा सत्यता छैन । जाहेरवालाले के कती कारणले म माथि झुटो आरोप लगाएका हुन मलाई थाहा भएन भनि प्रतिवादीले प्रमोद पासवान समते ईन्कारी बयान गरेतापनि, मिति २०८१।१२।१४ गते मेरो छोरा सुजित कुमार दास राती

अबेरसम्म घर नआएको र फोन सम्पर्क समेत नभएकोले खोजतलास गर्ने क्रममा ऐ.१५ गते अ.०८:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.२२ स्थित सडक छेउमा छोरालाई घाईते अबस्थामा फेला पारी नारायणी अस्पतालमा लगी उपचार गराउने क्रममा छोराको चेत आएपछि घटना सम्बन्धमा सोधपुछ गर्दा मिति २०८१।१२।१४ गते अ.२३:०० बजेको समयमा आफ्नो घरतर्फ आईरहेको अवस्थमा बिपक्षीहरु लालदेव पासवान, प्रमोद पासवान र नाम थाहा नभएका अन्य व्यक्तिहरु एकजुट भई बाटो छेकी लछारपछार तथा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यबहार गरी भागी फरार भएको भनी बताएको हुँदा निज बिपक्षीहरुलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको राजेश्वर दास तत्माको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी लालदेव पासवानले गरेको बयान तथा जाहेरवाला राजेश्वर दास तत्वा यस कार्यालयमा उपस्थित भई गरेको बकपत्र समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरु लालदेव पासवान र प्रमोद पासवान समेतले जाहेरवालाको छोरालाई लछारपछार तथा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यबहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी लालदेव पासवानलाई कैद ६ दिन र जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र र अर्का प्रतिवादीप्रमोद पासवानालाई जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र हुने ठहर्छ । साथै ऐ.ऐ.संहिताको दफा १२७ को हकमा अभियोग पत्र साथ उपचार खर्च रु४६,९०३/-, एम्बुलेन्स भाडा रु.६०००/- र अन्य तथा बिरामी कुरुवा खर्च रु.२०,०००/- गरी जम्मा रु.७२,९०३/- मागदावी र जिल्ला सरकारी वकील कार्यालय, पर्साको च.नं.३८३४ मिति २०८२/०२/१६ गतेको पत्र साथ उपचार खर्च रु.९४,४००/- र अन्य तथा बिरामी कुरुवा खर्च रु.१०,०००/- गरी जम्मा रु.१०४००/- समेत गरी कुल जम्मा रु.१७७३०३/- अक्षरेपी एक लाख सत्तर हजार तीन सय तीन मात्र उपचार खर्च/क्षतिपूर्ति माग दावी गरेकोमा औचित्यता तथा न्याय समेतको आधारमा प्रतिवादीहरुबाट जनही रु.७५०००/- गरी जम्मा रु.१५०,०००/- एक लाख पचास हजार मात्र जाहेरवालालाई उपचार खर्च/क्षतिपूर्ति भरी भराउन समेत ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी लालदेव पासवानलाई ठहरेको कैद ६ को हकमा निज मिति २०८२/१२/२१ देखि २०८२/१२/२६ हिरासतमा बसी कैद भुक्तान गरिसकेको साथै प्रतिवादीहरुलाई ठहरेको जनही जरिवाना रु.५०००/- तथा जाहेरवालालाई भरी भराईदिने जनही रु.७५०००/- को हकमा निज प्रतिवादीहरुले क्रमश र.नं.२८९/२०८१/१२/२८ र ३१६/२०८२/०१/२१ बाट दाखिला गरेको जनही धरौटी रकम रु.५००००/- बाट जनही जरिवाना रु.५०००/- कट्टी गर्नु, जनही रु.४५०००/- जाहेरवालालाई भरी भराई दिन लेखा शाखा, जिल्ला प्रशासन कार्यालय, पर्सालाई पत्र लेख्नु र जाहेरवालालाई भरी भराई दिन जनही रकम रु.३००००/- भरी भराउन जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेख्नु -----------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्यादिनु-----------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**तोय नारायण सुवेदी**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८२ असोज महिना २७ गते सोमवार रोज २/ ने.सं. ११४५ कौलागा सप्तमी, शुभम् ........